









# धान जोन प्रोफाइल

## (धान जोन नुवाकोटको आधारभूत सर्वेक्षण प्रतिवेदन)


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ, नुवाकोट**
(कार्यक्षेत्रः नुवाकोट र रसुवा)
फोन नं.: ०१०–५६१८४९, ५६०२१६
इमेलः pmamp.piu.nuwakot@gmail.com
वेवसाइटः piunuwakot.pmamp.gov.np



**आ.व. २०७८/७९**

# धान जोन प्रोफाइल

*(धान जोन नुवाकोटको आधारभुत सर्भेक्षण प्रतिवेदन)*

## आ.व. २०७८/७९


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन एकाइ, नुवाकोट**

# दुई शव्द



नेपालको ६५.६% जनसंख्या प्रत्यक्ष रुपमा कृषिमा निर्भर रहेका छन र कुल ग्राहस्थ उत्पादनको २७.१०% हिस्सा कृषि क्षेत्रबाट नै प्राप्त भईराखेको छ। नेपालको कृषि प्रणालीमा साना किसानहरुको बढी संलग्नता रहेको हुदा निर्बाहामुखि कृषि प्रणालीमा व्यावसायिकरण र बिविधिकरणको अभाव रहेको छ। देशको युवा शक्तिको वढ्दो बैदेशिक पलायनले कृषि क्षेत्रमा श्रमशक्तिको अभाव, कृषि उपजको बढदो लागत उत्पादन, खण्डिकरण, जलवायु परिवर्तनको प्रभाव र उत्पादन सामग्रीहरुको अपर्याप्तता आपुर्ति, ज्ञान प्रबिधि र उचित बजारिकरणको अभावको कारणले कृषि क्षेत्रमा सरकारले गरेको लगनी र जनअपेक्षा अनुसारको उत्पादन भईरहेको छैन। यसका अतिरिक्त, वर्तमान समयमा देखा परेको र विश्व माहामारीको रुपमा आएको कोरोना भाइरसको कारणले सिर्जित कोभिड-१९ रोगले कृषि क्षेत्रको आपुर्ति व्यवस्थामा प्रतिकुल प्रभाव पारेको छ। कृषिको आधुनिकरणको लागी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको तेश्रो सम्भागको रुपमा रहेको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम अन्तर्गत नुवाकोट जिल्लामा आ.व. २०७८/७९ बाट नुवाकोट जिल्लामा धान जोन कार्यक्रमको सुरुवात भएको छ।

परियोजना लागु हुनु पूर्व नयाँ स्थापना भएको जोनको बारेमा आधारभुत तथ्यांक संकलन गरी परियोजना संचालन पश्चात के कति उपलब्धिहरु हासिल गर्न सकियो सो को मापन गर्न र कृषक तथा परियोजनाका बारेमा जानकारी दिनको लागि एक अध्ययन गरिएको थियो। अध्ययनको नतिजालाई यस प्रोफइल मार्फत प्रकाशन गरी परियोजनाले नुवाकोटको धान जोन लागु हुनु पूर्वको अवस्थालाई चित्रण गरी यस परियोजनाले भविष्यमा ल्याएका परिवर्तनलाई मापन गर्न समेत सहयोग पुग्ने छ।

सो अध्ययनको नतिजालाई विश्लेषण गर्दा परम्परागत कुलोको प्रयोगबाट ८० प्रतिशत, सानो क्षेत्रमा संचालित पक्की कुलोको प्रयोगबाट ७ प्रतिशत र पाइपको प्रयोग बाट १३ प्रतिशत सिँचाइ हुने गरेको पाइयो। यस्तै यन्त्र र औजारको प्रयोगको विश्लेषण गर्दा यस परियोजनाको कार्यक्षेत्रमा ५५.५ प्रतिशतले पावर टिलर, ३१.४८ प्रतिशतले मिनी टिलर, ११.१ प्रतिशतले थ्रेसर, र १.८५ प्रतिशतले शेलर मिल प्रयोग गर्ने गरेको पाइयो। साथै यस जोन क्षेत्रमा ५२ प्रतिशत कृषकले आफ्नो माटो जाँच गरेको पाइन्छ। यस धान जोन संचालित क्षेत्रको बाली पात्रो हेर्दा मुख्यतया धान खेती दुई मौसममा गर्ने गरेको पाईयो। चैते धान खेती फाल्गुन-चैत्र देखि जेठ-आषाढ महिनासम्म र बर्षे धान खेती असार-साउन देखि कार्तिक सम्म गर्ने गरेको पाईयो। यस क्षेत्रमा उत्पादित धान ८७ प्रतिशत किसानहरुले स्थानीय व्यापारीमार्फत र १३ प्रतिशत किसानहरुले समूह तथा सहकारी मार्फत विक्री गर्ने गरेको पाईयो।

अन्त्यमा, यस प्रतिवेदन तयार गर्नुहुने कृषि अधिकृत कृष्ण प्रसाद उपाध्या, कृषि अधिकृत शरण भुजेल लगायत सहयोग गर्नुहुने सम्पूर्ण इन्टर्न विद्यार्थीहरु एवं कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु। यो प्रकाशन कृषिसँग सम्बन्धित विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता र कृषकहरुलाई उपयोगी हुने छ भन्ने विश्वाश लिएको छु। यसमा भएका त्रुटीहरु औंल्याई थप सल्लाह र सुझाव दिनुहुन अनुरोध गर्दछु।

सुरेन्द्र प्रसाद पोखरेल
बरिष्ठ कृषि अधिकृत

# विषय सुची

दुई शव्द ........ ञ

१. परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ परियोजनाको सोच, लक्ष्य एवं उद्देश्य ........ १

१.२.१ सोच ........ १

१.२.२ लक्ष्य ........ १

१.२.३ परियोजनाको उद्देश्यहरु ........ २

१.३ परियोजनाका संभागहरु ........ २

१.४ नुवाकोटमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ........ २

१.५ रसुवामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ........ ३

२. अध्ययन तरिका ........ ५

२.१ घरधुरी सर्वेक्षण ........ ५

२.२.१ घरधुरी सर्वेक्षण तरिका ........ ५

२.२.२ प्रश्नावली तयारी ........ ५

२.२.३ नमुना सर्वेक्षण संख्या ........ ५

२.३ तथ्यांङ्क प्रविष्टि तथा विश्लेशण ........ ५

३. धान जोनको कमाण्ड क्षेत्रको नक्सा ........ ६

४. घरधुरी सर्वेक्षणबाट प्राप्त जानकारी ........ ७

४.१ घरधुरी सर्वेक्षण चित्रण ........ ७

४.१.२ धान जोनको कार्यक्षेत्र ........ ८

४.१.३ उत्तरदाताको शैक्षिक योग्यता ........ ९

४.१.४. जोनसंगको आबद्दता ........ १०

४.१.५ सिँचाईको श्रोत ........ १०

४.१.६. सिँचाईको पूर्वाधार ........ १०

४.१.७. यन्त्र/औजारको प्रयोग ........ ११

४.१.८ सडक प्रकार ....................................................................................................११
४.१.९ वैदेशिक रोजगार................................................................................................१२
४.१.१० एफ. एम./रेडियोको प्रयोग ..................................................................................१२
४.१.११ इन्टरनेट सुविधा...............................................................................................१२
४.१.१२ माटो जाँच.......................................................................................................१३
४.२ मुख्य बाली प्रणाली ..........................................................................................................१३
४.२.१ जोन कार्यक्षेत्रमा लगाइने धानका प्रमुख जातहरु..........................................................१४
४.२.४ आम्दानीको उपयोग ..........................................................................................१७
४.२.५ उत्पादन तथा बिक्रीको अवस्था..............................................................................१७
४.२.६ मूल्य विवरण....................................................................................................१७
४.२.७ बजारीकरणमा मुख्य समस्याहरु..............................................................................१८
४.२.८ उत्पादन समस्याहरु र समाधानका लागि प्रयास ..........................................................१८
**४.३** धान जोन क्षेत्रमा प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फस्फोरस र पोटासको अवस्था ................................१९
४.४ धान जोन क्षेत्रमा माटोको पि.एच.को अवस्था............................................................१९
४.५ धान जोन अन्तर्गतका पालिकामा माटोको अवस्था विश्लेषण.........................................................२०
४.५.१ ताँदी गाँउपालिका वडा नं (२, ३, ४ र ५)...........................................................२०
४.५.३ बेलकोटगढी नगरपालिका (वडा नं १२ र १३).......................................................२२
४.५.४ लिखु गाँउपालिका (वडा नं १, २, ४, ५ र ६)......................................................२२
४.६ धान जोनमा सूचीकृत संस्थाहरुको विवरण.........................................................................२४
५. शारंश.......................................................................................................................३२

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको कुल ग्राहस्थ उत्पादनमा एक तिहाई भन्दा बढी योगदान गर्ने कृषि क्षेत्रमा करिब ६५ प्रतिशत जनसंख्या रोजगारी तथा जिविकाको लागि कृषि क्षेत्रमा निर्भर रहदै आएका छन्। निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं औद्योगिक कृषि प्रणालीमा रूपान्तरण गरी उत्पादनमूलक क्षेत्रमा प्रशस्त रोजगारी सृजना गर्ने र दिगो कृषि विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक विकास र गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य हासिल गर्न कृषि क्षेत्रले प्रशस्त संम्भावना बोकेको छ। खाद्यान्न तथा खाद्य पदार्थको मूल्यमा देखिने उतारचढाव, कृषि उत्पादन सामाग्रीको प्रयाप्त आपूर्ति नहुनु, पूर्वाधार विकासको कमी, युवा वर्गको विदेशिने क्रम बढ्दै जाँनु, कृषि क्षेत्रमा देखिएको श्रम शक्तिको अभाव र प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरुले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल गर्न सकिएको छैन। यसै परिवेशलाई मध्यनजर गर्दै आय तथा रोजगारी श्रृजना, गरिबी न्यूनिकरण, व्यापार सन्तुलन, खाद्य तथा पोषण सुरक्षा, कृषिमा आधारित अर्थतन्त्रलाई कृषिजन्य उद्योगमा रुपान्तरित गर्ने तथा व्यवसायिक दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकासको सोचका साथ नेपाल सरकारले आ.व. २०७३/७४ देखि १० वर्षे प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुरुवात गरेको छ। परियोजनाको कुल लागत १ खर्ब ३० अर्ब रुपैयाँ प्रक्षेपण गरिएको छ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन भएको यस परियोजनाको लक्ष्य समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण र दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने रहेको छ।

## १.२ परियोजनाको सोच, लक्ष्य एवं उद्देश्य

### १.२.१ सोच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने परियोजनाको सोच रहेको छ।

### १.२.२ लक्ष्य

समग्र कृषि मूल्य श्रृङ्खलाका अवयवहरुको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरु श्रृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने परियोजनाको लक्ष्य रहेको छ।

### १.२.३ परियोजनाको उद्देश्यहरु

यस परियोजनका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्ः-

(क) प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने,

(ख) निर्यात योग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

(ग) कृषिलाई सम्मानजनक नाफामूखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृर्जना गर्ने र

(घ) बहुसरोकारवाला निकायहरुबीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

### १.३ परियोजनाका संभागहरु

यस परियोजना अन्तर्गत देहाय बमोजिमका सम्भागहरु रहेका छन्ः-

(क) साना व्यवसायिक कृषि उत्पादन केन्द्र )पकेट (विकास कार्यक्रम।

(ख) व्यवसायिक कृषि उत्पादन केन्द्र) ब्लक (विकास कार्यक्रम।

(ग) व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) जोन (विकास कार्यक्रम।

(घ) वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र) सुपर जोन (विकास कार्यक्रम।

यी संभागहरुमा कृषि सामग्री आपूर्ती व्यवस्थापन, यान्त्रिकीकरण सहयोग, भौतिक पूर्वाधार सहयोग, अनुसन्धान-शिक्षा-प्रसार सुदृढीकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरुको सेवा, कृषिजन्य उद्योगहरु स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिने परियोजना दस्तावेजमा उल्लेख भएको छ।

कृषि क्षेत्रको उत्पादन र उत्पाकदकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनमा लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली/बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना परियोजनाले गरेको छ। यो परियोजना स्वदेशी सोच स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार गरिएको कृषि विकास रणनीति (ADS) कार्यान्वयनको सहयोगी परियोजना हो। यो परियोजनामा पकेट, ब्लक, जोन र सुपरजोन गरी चार किसिमका सम्भाग मार्फत काम भइरहेको छ। पकेट विकास कार्यक्रम स्थानीय तहबाट, ब्लक विकास कार्यक्रम प्रदेश सरकार मातहतका निकाय मार्फत कार्यान्वयन भईरहेको छ भने जोन र सुपरजोन कार्यक्रम संघीय सरकार मातहतको परियोजना कार्यान्वयन एकाइ मार्फत सञ्चालन भईरहेको छ।

### १.४ नुवाकोटमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, नुवाकोट अन्तर्गत नुवाकोट जिल्लामा आलु, तरकारी र धान गरी तीन वटा जोन सञ्चालनमा रहेको छन्।

### १.४.१ आलु जोन नुवाकोटको कमाण्ड क्षेत्रः

लिखु गा.पा- वडा नं १ देखि ६,

ककनी गा.पा- वडा नं ८

पन्चकन्या गा.पा- वडा नं १ र २,

सुर्यगढी गा.पा- वडा नं ५

कुल जम्मा वडा संख्याः १०

### १.४.२ तरकारी जोन नुवाकोटको कमाण्ड क्षेत्रः

ककनी गा.पा.- वडा नं १ देखि ७ सम्म

शिवपुरी गा.पा. - वडा नं ६,७ र ८

पन्चकन्या गा.पा. - वडा नं ३,४ र ५

दुप्चेश्वर गा.पा. - वडा नं ३ र ५

कुल जम्मा वडा संख्याः १५

### १.४.३ धान जोन नुवाकोटको कमाण्ड क्षेत्रः

लिखु गा.पा वडा नं १, २, ४, ५ र ६,

पन्चकन्या गा.पा वडा नं १ र २,

शिवपुरी गा.पा वडा नं ७ र ८,

ताँदी गा.पा. वडा नं २, ३, ४ र ५,

बेलकोटगढी न.पा वडा नं १२ र १३

कुल जम्मा वडा संख्याः १५

## १.५ रसुवामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, नुवाकोट अन्तर्गत जोन प्राविधिक एकाइ, रसुवा रहेको छ। रसुवा जिल्लामा आलु तथा बाख्रा गरी दुई वटा जोन सञ्चालनमा रहेको छ।

**आलु जोन रसुवाको कमाण्ड क्षेत्रः**

आमदोछ्योदिडमो गा.पा १, २, ३, ४ र ५

उत्तरगया गा.पा १, ४ र ५

नौकुण्ड गा.पा १, २, ३, ५ र ६

कालिकास्थान गा.पा.१, ३, ४ र ५

गोसाईकुण्ड गा.पा ६

कुल जम्मा वडा संख्याः १८

**बाख्रा जोन रसुवाको कमाण्ड क्षेत्रः**

आमदोछ्योदिडमो गा.पा  वडा नं ३, ४ र ५,

उत्तरगया गा.पा. वडा नं १, २ र ३,

नौकुण्ड गा.पा. वडा नं १, ३, ४, ५ र ६,

कालिकास्थान गा.पा. वडा नं १, २, ३, ४ र ५

गोसाईकुण्ड गा.पा वडा नं ५ र ६

कुल जम्मा वडा संख्याः १८

## १.६ सूचीकृत संस्थाको विवरण

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, नुवाकोट अन्तर्गत नुवाकोट र रसुवा जिल्लामा जोन सञ्चालन भएका विभिन्न बाली/वस्तुहरु अन्तर्गत आ.व. २०७८/७९ मा सूचीकृत भएका समूह, सहकारी तथा कृषि फर्महरुको विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | कार्यक्षेत्र | जोन | समुह | सहकारी | फर्म | जम्मा सूचीकृत संख्या |
|---|---|---|---|---|---|---|
| १ | नुवाकोट | आलु जोन | २९ | ३० | ३७ | ९६ |
| | | तरकारी जोन | ८ | १४ | ५९ | ८१ |
| | | धान जोन | १७ | ३९ | ४० | ९६ |
| २ | रसुवा | आलु जोन | १७ | ८ | ६२ | ८७ |
| | | बाख्रा जोन | ६ | ६ | २०४ | २१६ |
| जम्मा | | | ७७ | ९७ | ४०२ | ५७६ |

# २. अध्ययन तरिका (Methodology)

## २.१ घरधुरी सर्वेक्षण (Household Survey)

### २.२.१ घरधुरी सर्वेक्षण तरिका (Survey Design and Sampling Procedure)

नुवाकोट धान जोनले शिवपुरी, लिखु, तादी, बेलकोटगढी र पन्चकन्यागाउंपालिकामा कार्यक्षेत्र बनाई काम गरिरहेको छ ।यसै अन्तर्गत जोन प्रोफाइल रिपोर्ट बनाउनका लागि ५० जनाको घरदुरी सर्वेक्षण भयो । सर्वेक्षणमा जोन कार्यालयको कार्यक्षेत्रहेरु शिवपुरी वडा नं : ७ र ८ , बेलकोटगढी१२ र १३, लिखु १, २, ४, ५ र ६, तादी २, ३, ४ र ५ र पन्चकन्या वडा नंः १, २ का किसानहरु समेटिएका छन् । यस धरधुरी सर्वेक्षणका निम्ति सम्पूर्ण जनसङख्याको विवरण तयार गर्ने काम गरियो र उक्त सूचीका आधारमा Systemic Sampling Technique को प्रयोग गरी नमुना सङ्ख्या एकिन गरियो ।

### २.२.२ प्रश्नावली तयारी (Questionnaire Preparation)

जोन प्रोफाइलको विवरण संकलनका लागि Structured QuestionnaireInterview विधि छनौट गरी आवश्यक प्रश्नावली तयार गरियो।उक्त प्रश्नावलीमा कृषक सदस्यको अर्थ-सामाजिक अवस्था, भौगोलिक अवस्था, जग्गा जमिनको विवरण, सिँचाई अवस्था, धानको क्षेत्रफल, उत्पादन र उत्पादकत्वको विवरण, पशुपन्क्षीको विवरण, मलखाद सम्बन्धी विवरण, विषादीको प्रयोग, धान उत्पादन समस्या,धानखपदस्थिती, धानको दाना र बीउको बजार र मुल्यस्थिती, यान्त्रिकरण सम्बन्धी विवरण,धानको उत्पादनोपरान्तकाकृयाकलाप आदि कुराहरुलाई समेट्ने उद्देश्यले प्रश्नावली निर्माण गरियो।

### २.२.३ नमुना सर्वेक्षण संख्या (Sampling and Sampling Size)

नियम अनुसार जम्मा जनसङ्ख्याको १० % नमुना लिए पुग्ने हुनाले, जम्मा सङ्ख्याका आधारमा ५० जनाको सर्वेक्षण सूची तयार गरियो । नमुना सर्वेक्षणका लागि Systemic Sampling Technique को प्रयोग गरियो । नमुना सर्वेक्षण प्रत्यक्ष अन्तर्वाताको माध्यमबाट गरियो ।

## २.३ तथ्यांङ्क प्रविष्टि तथा विश्लेशण (Data Entry and Analysis)

तथ्यांङ्क प्रविष्टि तथा विश्लेशणका लागि MS- Excel को प्रयोग गरियो। उक्त सफ्टवेयरको प्रयोग गरी यस धान-जोनमा आवद्ध किसानहरुको Database निर्माण गर्नुका साथै प्रशोधन गरियो। साथै उक्त Database लाई Excel मार्फत विश्लेषण गर्ने काम गरियो।

# ३.   धान जोनको कमाण्ड क्षेत्रको नक्सा

## ३.१ धान जोन नुवाकोटको कमाण्ड क्षेत्र

(क) लिखु गा.पा वडा नं १, २, ४, ५ र ६,


(ख) पन्चकन्या गा.पा वडा नं १ र २,


(ग) शिवपुरी गा.पा वडा नं  ७ र ८,

(घ) ताँदी गा.पा. वडा नं २, ३, ४ र ५,

(ङ) बेलकोटगढी न.पा वडा नं १२ र १३

**कुल जम्मा वडा संख्याः १५**



# ४. घरधुरी सर्वेक्षणबाट प्राप्त जानकारी (Findings)

## ४.१ घरधुरी सर्वेक्षण चित्रण (Household Characteristics)


### ४.१.१ सर्वेक्षण गरिएका कृषकहरुको विवरण

धान जोन क्षेत्रका सम्पूर्ण स्थानीय तहका १०-१० जना कृषकहरुबाट सर्वेक्षण गरिएको थियो।

### ४.१.२ धान जोनको कार्यक्षेत्र

| सि.न. | ठेगाना | वडा नं. |
|---|---|---|
| १ | शिवपुरी गाउँपालिका | ७, ८ |
| २ | पन्चकन्या गाउँपालिका | १, २ |
| ३ | बेलकोटगढी नगरपालिका | १२, १३ |
| ४ | तादी गाउँपालिका | २, ३, ४, ५ |
| ५ | लिखु गाउँपालिका | १, २, ४, ५, ६ |


### ४.१.३ उत्तरदाताको शैक्षिक योग्यता




यस परियोजनाको कार्यक्षेत्रमा गरिएको सर्वेक्षण अनुसार शिक्षाको स्तरको विवरण विश्लेषण गर्दा निरक्षर ४१ प्रतिशत, साधारण लेखपढ जान्ने ३२ प्रतिशत, माध्यमिक तहसम्मको शिक्षा हाशिल गर्ने १६ प्रतिशत र माध्यमिक तह माथि स्नातक तह वा सो भन्दा माथिको शिक्षा हासिल गर्ने ११ प्रतिशत देखिन्छ।


### ४.१.४. जोनसंगको आबद्दता

त्यसै गरी कृषकहरुकोजोनासंगकोआबद्दताको विवरण विश्लेषण गर्दा आबद्द हुने कृषकको प्रतिशत २० र आबद्दनरहेकाको प्रतिशत ८० रहेको देखिन्छ।





### ४.१.५ सिँचाईको श्रोत

सिँचाईको श्रोतलाइ हेर्दा यस कार्यक्षेत्रमा सिँचाइका श्रोत मध्य ६०.१ प्रतिशत कुलो सिंचाई, ३३.३ प्रतिशत खोला सिँचाई र जम्मा ६.६ प्रतिशत कृषकले पाइपबाट सिंचाई गर्ने गरेको देखिन्छ।




### ४.१.६. सिँचाईको पूर्वाधार




सिँचाइको पूर्वाधारको अवस्था हेर्दा सानो क्षेत्रमा संचालित परम्परागत कुलोको प्रयोगबाट ८० प्रतिशत, सानो क्षेत्रमा संचालितपक्की कुलोको प्रयोगबाट ७ प्रतिशतर पाइपको प्रयोग बाट १३ प्रतिशत सिँचाइ हुने देखिन्छ।


### ४.१.७. यन्त्र/औजारको प्रयोग

यस परियोजनाको कार्यक्षेत्रमा आधुनिकीकरणको लागी ५५.५ प्रतिशतले पावर टिलर, ३१.४८ प्रतिशतले मिनी टिलर, ११.१ प्रतिशतले थ्रेसर, र १.८५ प्रतिशतले शेलर मिल प्रयोग गर्ने गरेको पाईयो।





### ४.१.८ सडक प्रकार

नुवाकोट धान जोन क्षेत्रमा सबै ठाउमा सडक पुगेको देखियो, जसमध्ये ४४ प्रतिशत सडक पिच, २८.८ प्रतिशत सडक ग्राभेल र २६.६ प्रतिशत मात्र सडक मौसमी भएको पाईयो।





### ४.१.९ वैदेशिक रोजगार




सर्भेक्षण गरेका कृषकहरुबाट प्राप्त जानकारीलाई आधार मान्दा यस क्षेत्रमा९ % घरधुरीका व्यक्तिहरु मात्र रोजगारीको लागि विदेश गएको पाइयो।


### ४.१.१० एफ. एम./रेडियोको प्रयोग




यस जोन क्षेत्रमा रहेका कृषक मध्य ४९ प्रतिशतले एफ. एम. को प्रयोग गरेको पाइन्छ भने ५१ प्रतिशतले एफ. एम. प्रयोग नगरेको पाइन्छ


### ४.१.११ इन्टरनेट सुविधा

यसका साथै धान जोनमा संलग्न ६० प्रतिशत कृषकहरुले इन्टरनेट प्रयोग गर्ने गरेको पाईयो।




### ४.१.१२ माटो जाँच

धान जोन क्षेत्रमा ५२ प्रतिशत कृषकले आफ्नो माटो जाँच गरेको पाइयो।





## ४.२ मुख्य बाली प्रणाली


| खेत | बारी |
|---|---|
| धान - आलु- धान<br>धान —आलु— मकै<br>धान — गहुँ - मकै<br>धान - तरकारी - मकै | मकै - कोदो — ०<br>मकै - ० - ०<br>मकै - तरकारी — ० |

### ४.२.१ जोन कार्यक्षेत्रमा लगाइने धानका प्रमुख जातहरु


यस धान जोन कार्यक्षेत्रमा गरेको सर्वेक्षण अनुसार ३९ प्रतिशत कृषकहरुले उन्नत जात लगाउने पाइयो; ३८ प्रतिशतले हाइब्रिड र २३ प्रतिशतले स्थानीय जात लगाउनें पाइयो ।




जसमध्ये स्थानीय जातमा कन्चना लाइ प्राथमिकता दिइएको पाइयो।





यसैगरी उन्नत जात लगाउने कृषकहरु मध्ये पनि ४१ प्रतिशतले ताइचुंग, २५ प्रतिशतले खुमल, १३ प्रतिशतले चैते, ९ प्रतिशतले मन्सुली, ९ प्रतिशतले रामधान र ३ प्रतिशतले राधा-९ जात लगाउने गरेको पाइयो।




यसैगरी हाइब्रिड जात लगाउने कृषकहरु मध्य पनि २६ प्रतिशतले US Series, १६ प्रतिशतले PAC, १२ प्रतिशतले सुधा र ४६ प्रतिशल कृषकहरुले अन्य जात लगाउने गरेको पाइयो।


### ४.२.२. नजिकको बजार





सर्भेक्षण गरेका कृषकहरुबाट प्राप्त जानकारीलाई आधार मान्दा यस क्षेत्रमा २९.५ प्रतिशतलाइ ढिकुरे र ३१.८ प्रतिशतलाई छहरे बजार नजिकको प्रमुख बजार रहेको पाइन्छ। त्यस्तै ४.५% लाइ कोशगाडे, ९% लाइ बाहुनवेशी, ९% लाई बटार , ६.८% लाई रानीपौवा, ६.८% लाई पाखुरे र २.३% लाई खैरेनीटार नजिकको बजार रहेको पाइन्छ।

### ४.२.३ उत्पादन सामग्री श्रोत

यस परियोजना कार्यक्षेत्रमा किसानहरु उत्पादन सामाग्री श्रोतको लागि मुख्य रुपमा एग्रो भेटमा र सहकारीमा निर्भर रहेको देखिन्छ। जस्मा परियोजना कार्यक्षेत्रमा ७३ प्रतिशत किसानहरु एग्रोभेट तथा बीउ र मल कारोबार गर्ने सहकारीको सुविधामा निर्भर रहेको देखिन्छ। त्यस्तै ११ प्रतिशत किसानहरुले एग्रोभेटबाट मात्र, ६.६ प्रतिशत किसानहरुले सहकारीमात्र र ८ प्रतिशत ले एग्रोभेट र सहकारी संगसंगै निजि उद्धमीबाट पनि सुविधा लिएको पाइन्छ।



बीउको श्रोत




यस परियोजना कार्यक्षेत्रमा किसानहरु बीउको श्रोतको लागि मुख्य रुपमाएग्रो भेटमा निर्भर रहेको देखिन्छ। जसमा परियोजना कार्यक्षेत्रमा ४० प्रतिशत किसानहरुलेविउहरुएग्रोभेटमा निर्भर रहेको देखिन्छ। ३१ प्रतिशत किसानहरुले कृषि सहकारी बाट, ४ प्रतिशत किसानहरुले परियोजना इकाई तथा कृषि ज्ञान केन्द्र बाट, ५ प्रतिशतले सिधै बीउ कम्पनी बाट र बाँकी २० प्रतिशत किसानहरुले आफै उत्पादन गरेको वीउ प्रयोग गर्ने गरेको पाईयो।

### ४.२.४ आम्दानीको उपयोग


यस क्षेत्रमा उत्पादित धानबाट हुने आम्दानी ९९ प्रतिशत किसानहरुले घर खर्चमा उपयोग हुने पाइयो।

### ४.२.५ उत्पादन तथा बिक्रीको अवस्था

यस अध्ययनबाट औसतमा कृषकहरुले ५.९२ रोपनीमा चैते धान र ७.८६ रोपनीमा बर्षे धान खेती गर्ने गरेको पाइयो। जसबाट प्रति व्यक्ति २४५५.१२ केजी धान उत्पादन हुने देखियो। यस अध्ययनबाट औसतमा कृषकहरुले १०२३.२ केजी मात्र धान विक्रि गर्ने गरेको पाइयो।

| चैते धान | | वर्षे धान | | जम्मा | |
|---|---|---|---|---|---|
| औसत क्षेत्रफल (रोपनी) | उत्पादन (के. जी ) | औसत क्षेत्रफल (रोपनी) | उत्पादन (के. जी ) | कुल उत्पादन (केजी प्रति व्यक्ति) | विक्री (केजी ) |
| ५.९२ | ११२५.८ | ७.८६ | १६४७.२ | २४५५.१२ | १०२३.२ |

यस क्षेत्रमा उत्पादित धान ८७ प्रतिशत किसानहरुले स्थानीय व्यापारी मार्फत र १३ प्रतिशत किसानहरुले समूह तथा सहकारी मार्फत विक्री गर्ने गरेको पाईयो ।





## ४.२.६ मूल्य विवरण

| सि. न. | धान | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|
| १ | दाना | ३३.४ | ३४.४ | ३७.५ |
| २ | बीउ | ३३४.३ | ३६९.८ | ४४२ |

यस परियोजना कार्यान्वयन इकाईको कार्यक्षेत्रमा विगत ३ वर्षमा धानको दाना र बीउको मुल्य हेर्दा चलन चल्ती अनुसार नै रहेको पाइयो। जसमा दानाको मूल्य २०७६ सालमा ३३ रुपैया, २०७७ सालमा ३४ रुपैया र २०७८ सालमा ३७-३८ रुपैया सम्म पुगेको पाइन्छ। त्यस्तै बीउको मूल्य भने २०७६ सालमा ३३५ रुपैया कायम रहदा २०७७ सालमा ३७० रुपैया र २०७८ सालमा ४४२ रुपैया सम्म बढेको पाइयो।

## ४.२.७ बजारीकरणमा मुख्य समस्याहरु

यस परियोजना कार्यान्वयन एकाइ, धान जोनमा संलग्न किसानहरुको बजारीकरणको समस्या हेर्दा ५१.५ प्रतिशत किसानहरुले कम मुल्यमा धान तथा बीउ बिक्रि गर्ने गरेको पाईयो। त्यसैगरी ४२ प्रतिशत किसानहरुले टाढा बजार भएर समस्या भोगिरहेको पाईयो भने ६.५ प्रतिशत किसानहरुले दलालको समस्या भोगी रहेको बताए।




### ४.२.८ उत्पादन समस्याहरु र समाधानका लागि प्रयास

घरधुरी सर्भेक्षण गर्दा कृषकहरुबाट प्राप्त जानकारीलाई एकीकृत गर्दा धान जोन नुवाकोटको समग्रमा निम्नानुसारको समस्याहरु रहेको पाइयो। साथै यी समस्याहरुको समाधानका लागि किसानले गरेका प्रयासहरु निम्न अवस्थाको रहेको पाइयो।


| मुख्य समस्याहरु | समस्या समाधानको प्रयास |
|---|---|
| रोग कीरा | विषादीहरुको प्रयोग गर्ने समय र तरिका बारे जानकारी |
| प्राविधिक जानकारीको आभाव | कार्यालयमा भएको प्राविधिकको सन्चालन गर्ने |
| उत्पादन सामग्रीको अभाव | समयमै उत्पादन सामग्री उपलब्ध गराउने |
| गुणस्तरीय बीउको आभाव | सरकारी स्तरबाट बीउको गुणस्तर जाँच गराउने |
| सिंचाइको समस्या | सिंचाई पूर्वाधारको विकास |

### ४.३ धान जोन क्षेत्रमा प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फस्फोरस र पोटासको अवस्था

| विवरण | प्राङ्गारिक पदार्थ | नाइट्रोजन | फोस्फोरस | पोटास | $P^H$ |
|---|---|---|---|---|---|
| औसत | २.१६ | ०.११ | ५३.८३ | १४८.६६ | ५.३१ |
| अधिकतम | ६.४२ | ०.३२ | २३०.१७ | ६९८.४० | ६.७० |
| न्यूनतम | ०.४४ | ०.०२ | ८.१५ | ४.८० | ३.९० |
| Standard Deviation | १.०२ | ०.०५ | ३८.३१ | १३५.७२ | ०.४९ |
| Correlation with $P^H$ | -०.०७ | -०.०७३ | ०.०२ | ०.१६ | १ |

*प्रतिशतमा*


| क्र.स. | विवरण | अति कम | कम | मध्यम | उच्च | अति उच्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नाइट्रोजन | ९.८० | ३८.७३ | ४५.५९ | ५.८८ | ०.०० | |
| २ | फस्फोरस | ७.८४ | २३.०४ | २८.४३ | २८.४३ | १२.२५ | |
| ३ | पोटास | १८.६३ | ३८.२४ | २७.४५ | १०.७८ | ४.९० | |
| ४ | प्राङ्गारिक पदार्थ | ९.८० | ५७.३५ | ३१.८६ | ०.९८ | ०.०० | |





## ४.४ धान जोन क्षेत्रमा माटोको पि.एच.को अवस्था

*प्रतिशतमा*

| क्र.स. | पि.एच. | अति अम्लिय | अम्लिय | तथष्ट | क्षारीय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तादी गा.पा. | २८.०० | ७०.०० | २.०० | ०. | |
| २ | लिखु गा.पा. | ३७८.० | ६२२.० | ०. | ०. | |
| ३ | बेलकोटगढी न.पा. | ५३८५. | ४६१५. | ०. | ०. | |
| ४ | पञ्चकन्या गा.पा. | ०. | १००.०० | ०. | ०. | |
| ५ | शिवपुरी गा.पा. | २३९१. | ७३९१. | २१७. | ०. | |
| जम्मा | | ३०८८. | ६८१४. | ०९८. | ०. | |








## ४.५ धान जोन अन्तर्गतका पालिकामा माटोको अवस्था विश्लेषण

### ४.५.१ ताँदी गाँउपालिका वडा नं (२, ३, ४ र ५)

*प्रतिशतमा*


| क.स. | विवरण | अति कम | कम | मध्यम | उच्च | अति उच्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नाइट्रोजन | ९.८० | ३८.७३ | ४५.५९ | ५.८८ | ०.०० | |
| २ | फस्फोरस | ७.८४ | २३.०४ | २८.४३ | २८.४३ | १२.२५ | |
| ३ | पोटास | १८.६३ | ३८.२४ | २७.४५ | १०.७८ | ४.९० | |
| ४ | प्राङ्गारिक पदार्थ | ९.८० | ५७.३५ | ३१.८६ | ०.९८ | ०.०० | |



### ४.५.२ पञ्चकन्या गाँउपालिका (वडा नं १ र २)

*प्रतिशतमा*


| क्र.स. | विवरण | अति कम | कम | मध्यम | उच्च | अति उच्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नाइट्रोजन | ९.८० | ३८.७३ | ४५.५९ | ५.८८ | ०.०० | |
| २ | फस्फोरस | ७.८४ | २३.०४ | २८.४३ | २८.४३ | १२.२५ | |
| ३ | पोटास | १८.६३ | ३८.२४ | २७.४५ | १०.७८ | ४.९० | |
| ४ | प्राङ्गारिक पदार्थ | ९.८० | ५७.३५ | ३१.८६ | ०.९८ | ०.०० | |




### ४.५.३ बेलकोटगढी नगरपालिका (वडा नं १२ र १३)

*प्रतिशतमा*


| क्र.स. | विवरण | अति कम | कम | मध्यम | उच्च | अति उच्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नाइट्रोजन | ९.८० | ३८.७३ | ४५.५९ | ५.८८ | ०.०० | |
| २ | फस्फोरस | ७.८४ | २३.०४ | २८.४३ | २८.४३ | १२.२५ | |
| ३ | पोटास | १८.६३ | ३८.२४ | २७.४५ | १०.७८ | ४.९० | |
| ४ | प्राङ्गारिक पदार्थ | ९.८० | ५७.३५ | ३१.८६ | ०.९८ | ०.०० | |





### ४.५.४ *लिखु गाँउपालिका (वडा नं १, २, ४, ५ र ६)*

*प्रतिशतमा*

| क्र.स. | विवरण | अति कम | कम | मध्यम | उच्च | अति उच्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नाइट्रोजन | ९.८० | ३८.७३ | ४५.५९ | ५.८८ | ०.०० | |
| २ | फस्फोरस | ७.८४ | २३.०४ | २८.४३ | २८.४३ | १२.२५ | |
| ३ | पोटास | १८.६३ | ३८.२४ | २७.४५ | १०.७८ | ४.९० | |
| ४ | प्राङ्गारिक पदार्थ | ९.८० | ५७.३५ | ३१.८६ | ०.९८ | ०.०० | |



## ४.५.५ शिवपुरी गाँउपालिका (वडा नं ६, ७ र ८)



## ४.६ धान जोनमा सूचीकृत संस्थाहरुको विवरण

परियोजना कार्यान्वयन एकाइ नुवाकोट, आ.व. २०७८/७९ मा धान जोन नुवाकोट तर्फ सुचिकृत संस्थाहरुको विवरण

| क्र.स. | कृषक समुह/कृषि सहकारी/निजी फर्म को नाम | सम्बन्धित कृषकको नाम, थर | ठेगाना | जग्गाको विवरण | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खेती योग्य जमिन (रोपनी) | धान लगाउने क्षेत्रफल (रोपनी) | | | |
| | | | | | बर्षे | चैते | | |
| १ | किसान कृषि सहकारी सं.लि. | यदु कुमार चौलागाई | तादि-३ | ११३ | ११३ | ८० | ९८४१७९८३६८ | |
| २ | रालुका उपभोक्ता सहकारी सं. लि. | उत्तम प्रसाद कंडेल | तादि-३ | १५० | १५० | ६० | ९८४१६९०५२३ | |
| ३ | सुन्दरा ब. सहकारी सं.लि. | पुरुषोत्तम सिटौला | तादि-४ | २५० | २५० | १०० | ९८४९८३६०८५ | |
| ४ | नबचण्डिका देवि कृषि सहकारी सं. लि. | गोकर्ण राज पाठक | तादि-४ | २५० | २५० | १३५ | ९८४१४२५६१८ | |
| ५ | अभियान महिला कृषि सहकारी सं. लि. | विमला अधिकारी | तादि-५ | १२० | १२० | ८० | ९८४१३४१४९२ | |
| ६ | दुप्चेश्वर कोल्ड स्टोर | ज्ञानेश्वर दाहाल | तादी-२ | ७ | ७ | ७ | ९८४३२७२३९७ | |
| ७ | खरानिटार कृषि तरकारी सं. लि. | बाल कृष्ण उप्रेति | तादी-३ | ११० | ११० | १०० | ९८४३४४२७२८ | |
| ८ | प्रभुडाँडा कृषि सहकारी सं. लि. | विष्णु प्रसाद रिमाल | तादी-३ | ३०० | ३०० | २७६ | ९८५११८९१३५ | |
| ९ | जन चाहाना उपभोक्ता सहकारी सं. लि. | युद्धराम श्रेष्ठ | तादी-३ | ३५० | ३५० | २८० | ९८४३४३३९४५ | |
| १० | न्यु मल्टि प्रपोज कृषि फर्म | महेन्द्र कुमार श्रेष्ठ | तादी-४ | ६ | ५ | | ९८४१६७१७७५ | |
| ११ | सुभेच्छा कृषि सहकारी सं.लि. | शिवराम राई | पञ्चकन्या-१ | १०५ | ८० | २५ | ९८४९२०७४७५ | |
| १२ | आँपचौर नाटेश्वरी कृषि फर्म | मधुकर राई | पञ्चकन्या-१ | २५ | २५ | २० | ९८५११४६२५३ | |
| १३ | शक्तेश्वर कृषि सहकारी सं.लि. | बिष्णु ब. थापा | पञ्चकन्या-१ | ४५१ | ४५१ | ४४६ | ९८४३४८२५३६ | |

| क्र.स. | कृषक समुह/कृषि सहकारी/निजी फर्म को नाम | सम्बन्धित कृषकको नाम, थर | ठेगाना | जग्गाको विवरण | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खेती योग्य जमिन (रोपनी) | धान लगाउने क्षेत्रफल (रोपनी) | | | |
| | | | | | बर्षे | चैते | | |
| १४ | पशुपती आयआर्जन कृषक समुह | बिष्णु ब. राई | पञ्चकन्या-१ | ११० | ७० | ५० | ९८२३६४२७५९ | |
| १५ | कालिका खाद्य उद्योग | बिबश बोहरा | पञ्चकन्या-२ | २० | १० | १५ | ९८४९९१३७४९ | |
| १६ | राधाकृष्ण अर्गानिक फर्म | ध्रुबेन्द्र बोहरा | पञ्चकन्या-२ | २० | २० | २० | ९८४१६७४१७६ | |
| १७ | राक्शेश्वर कृषक समुह | दिवाकर भण्डारी | पञ्चकन्या-२ | १३२ | ६८ | ६४ | ९८४३५३८५७३ | |
| १८ | किसान कृषि एण्ड मत्स्य फर्म | शिवराम बोहरा | पञ्चकन्या-२ | २५ | २५ | २५ | ९८४३५३८५७३ | |
| १९ | गणेशस्थान पशुपन्छि तथा कृषि फर्म | फत्त बहादुर मिजार | पञ्चकन्या-२ | १७ | १७ | | ९८४९७३४२२३ | |
| २० | कबिलास कृषि सहकारी सं.लि. | फत्त बहादुर मिजार | पञ्चकन्या-२ | ३६१ | २०० | १५० | ९८४९७३४२२३ | |
| २१ | सुप्रिम खाद्य उद्योग | सुलोचना गजुरेल | पञ्चकन्या-२ | २० | १८ | १२ | ९८४००६७६८१ | |
| २२ | सम्बृद्धि कृषि सहकारी सं.लि. | वासुदेव मिश्र | पञ्चकन्या-२ | ५२० | ४०२ | २५५ | ९७४२४४५८५ | |
| २३ | शिवालय कृषक कृषि सहकारी स. लि. | रामहरि अधिकारी | बेल्कोटगढि-१२ | १६८ | १६८ | १२७ | ९८४३६१५५३० | |
| २४ | बच्छलादेवि महिला कृषक समुह | श्री जना वाग्ले | बेल्कोटगढि-१२ | २३० | २३० | २०० | ९८०३३३३४९४ | |
| २५ | रामनारायण कृषि सहकारी सं. लि. | रामचन्द्र श्रेष्ठ | बेल्कोटगढि-१२ | २३० | २३० | १५० | ९८६०३६१६८५ | |
| २६ | नारायण स्थान कृषि सहकारी सं. लि. | लाल ब. खनाल | बेल्कोटगढि-१२ | २०० | २०० | १०० | ९८५११९१४५४ | |
| २७ | अरुणोदय कृषक सहकारी संस्था लि. | कृष्ण प्रसाद पाण्डे | बेल्कोटगढि-१३ | ३५० | ३५० | १८० | ९८६००७४२०४ | |
| २८ | ठुलोधारा कृषि फर्म | हिरानन्द लोहनि | बेल्कोटगढि-१३ | १० | १० | ६ | ९८४११२५७९१ | |

| क्र.स. | कृषक समुह/कृषि सहकारी/निजी फर्म को नाम | सम्बन्धित कृषकको नाम, थर | ठेगाना | जग्गाको विवरण | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खेती योग्य जमिन (रोपनी) | धान लगाउने क्षेत्रफल (रोपनी) | | | |
| | | | | | बर्षे | चैते | | |
| २९ | वर पिपल कृषि सहकारी सं. लि. | मोहन कुमार लोहनी | बेल्कोटगढि-१३ | ३०० | ३०० | १०० | ९८५१२७७५६८ | |
| ३० | दाङमै महिला सहकारी सं. लि. | सरिता लोहनी | बेल्कोटगढि-१३ | ५०० | ५०० | ४०० | ९८६७८०९६३६ | |
| ३१ | हाम्रो लिखु ब. सहकारी संस्था लि. | अर्जुन प्रसाद गुरेल | लिखु-१ | ८०० | ८०० | ५०० | ९८६०६८६५६७ | |
| ३२ | बिजिमाइण्ड मल्टिप्रपोज प्रा.लि. | प्रकाश ढकाल | लिखु-१ | २० | ३० | २० | ९८५११७१००९ | |
| ३३ | शुभविहानी महिला कृषि सहकारी सं.लि. | भोजनारायण श्रेष्ठ | लिखु-१ | १४५ | १४५ | १४० | १०४१८०४४ | |
| ३४ | दुप्चेश्वर बहुउद्देश्यीय सहकारी सं.लि. | गोकर्ण राज ढकाल | लिखु-१ | १०० | ७४ | ७० | ९८४३६२९३३८ | |
| ३५ | नारायणदेवी बहुउद्देश्यीय सहकारी सं.लि. | राम शरण थापा | लिखु-१ | १७० | १६८ | १५८ | ९८४३०४८८२० | |
| ३६ | खानीगाउँ महिला साना किसान कृषि सहकारी सं.लि. | भद्रादेवी ढुङ्गाना | लिखु-१ | १६० | १६० | १४० | ९८६२७३०८०४ | |
| ३७ | नवदुर्गा महिला बिकास बहुउद्देश्यीय स.सं.लि. | देवकी लामिछाने | लिखु-१ | १०० | १०० | १०० | ९८४९५६१८३३ | |
| ३८ | धमला कृषि फर्म | नारायण धमला | लिखु-२ | २५ | २५ | २१ | ९८५१२०६८७५ | |
| ३९ | सृजनशिल कृषि फर्म | बद्रि कुमार ढकाल | लिखु-२ | १० | १० | १० | ९८५१११०३९२ | |
| ४० | जागरण एग्रीकल्चर फर्म | बिबेक ढकाल | लिखु-१ | १३ | १३ | १३ | ९८५१२३४७७३ | |
| ४१ | नयाँवस्ति कृषक करषि सहकारी संस्था लि. | विवेक ढकाल | लिखु-२ | ४५० | ४५० | ४५० | ९८५१२३४७७३ | |
| ४२ | ए.एन.पि कृषि फर्म | प्रकाश ढकाल | लिखु-२ | १० | १० | १० | ९८५११७१००९ | |
| ४३ | एच.डि.सि कृषि फर्म | दिवाकर लामिछाने | लिखु-२ | ७ | ७ | ५ | ९८४९४३९२२८ | |

| क्र.स. | कृषक समुह/कृषि सहकारी/निजी फर्म को नाम | सम्बन्धित कृषकको नाम, थर | ठेगाना | जग्गाको विवरण | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खेती योग्य जमिन (रोपनी) | धान लगाउने क्षेत्रफल (रोपनी) | | | |
| | | | | | बर्षे | चैते | | |
| ४४ | सरस्वती आयआर्जन कृषि समुह | मुकुन्द कृष्ण राई | लिखु-४ | २० | २० | २० | ९७६१२३६३४५ | |
| ४५ | वागवानी कृषि सहकारी संस्था लि. | रामेश्वर अगस्ति | लिखु-४ | ९०० | ८०० | ८०० | ९८६३६९६१६३ | |
| ४६ | नित्यश्वरी आयआर्जन कृषक समुह | छत्र कुमारी मानन्धर | लिखु-४ | १५४ | ११९ | १०४ | ९८२३३८१५३८ | |
| ४७ | क्षेत्रपाल कृषक समुह | राजु मानन्धर | लिखु-४ | १८१ | १५२ | | ९८४१७५९१२५ | |
| ४८ | कन्यादेवी कृषि सहकारी सं.लि. | भोला चन्द्र राई | लिखु-४ | २०८ | १८५ | ८० | ९८४१७५९१२५ | |
| ४९ | टिकाराम कृषि फर्म | टिकाराम राई | लिखु-४ | ११ | ११ | ११ | ९८४५४४५०४६ | |
| ५० | होमनाथ कृषि फर्म | होमनाथ भट्ट | लिखु-४ | ९ | ९ | | ९८४१८०७६१२ | |
| ५१ | चण्डेश्वरी महिला कृषक समुह | गोमा राई | लिखु-४ | २३० | १९६ | ६६ | ९८४९५१४१३३ | |
| ५२ | शुभबिहानी आयआर्जन कृषक समुह | भिमराज न्यौपाने | लिखु-४ | ११० | ११० | १०५ | ९८४१०८६५३९ | |
| ५३ | शुभलक्ष्मी कृषि तथा पशुपन्छि फर्म | लक्ष्मी राई | लिखु-४ | ३ | ३ | ३ | ९८४०१३६०५१ | |
| ५४ | थानापती कृषि फर्म | सिता भट्ट | लिखु-४ | १३ | १३ | ३ | ९८४०९०२९३० | |
| ५५ | ग्रिन भ्यु एग्रिकल्चर प्रा.लि. | विज्ञान राई | लिखु-४ | १० | १० | ८ | ९८५११६८४५३ | |
| ५६ | मानवहित कृषि सहकारी सं.लि. | राम प्र.न्यौपाने | लिखु-५ | ४६४ | २१४ | १२५ | ९८४३४७८७५३ | |
| ५७ | सृजनशिल कृषि फर्म | भोजनारायण श्रेष्ठ | लिखु-५ | ५ | ५ | ५ | ९८४१६५०५४६ | |
| ५८ | पञ्चकन्या महिला कृषक समुह | गौरी अधिकारी | लिखु-५ | १३० | १२७ | १२६ | ९८४९४५११२४ | |

| क्र.स. | कृषक समुह/कृषि सहकारी/निजी फर्म को नाम | सम्बन्धित कृषकको नाम, थर | ठेगाना | जग्गाको विवरण | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खेती योग्य जमिन (रोपनी) | धान लगाउने क्षेत्रफल (रोपनी) | | | |
| | | | | | बर्षे | चैते | | |
| ५९ | प्रगतिशिल महिला कृषक समुह | कमला मानन्धर | लिखु-५ | ६८ | ६८ | | ९८४९२३२१४६ | |
| ६० | पाथिभरा कृषक समुह | सबिना श्रेष्ठ | लिखु-५ | ७१ | ७१ | | ९८४३७०८१५६ | |
| ६१ | सुनारे मुलकुलो जल ऊपभोक्ता समिति | बिनोद पाठक | लिखु-५ | ४०० | ४०० | २०० | ९८५११८४७३७ | |
| ६२ | पञ्चकन्या कृषक समुह | शंकर पाठक | लिखु-६ | १५४ | १५४ | १२८ | ९८५१३१०७०२ | |
| ६३ | लिखु अर्गानिक कृषि फर्म | प्रदिप भट्ट | लिखु-६ | ३५ | ३५ | ३५ | ९८४८५८९३४८ | |
| ६४ | क्रियाशिल नमुना कृषक समुह | मधुकर राई | लिखु-६ | ८२ | ८२ | ८२ | ९८५११४६२५३ | |
| ६५ | थानसिङ कृषि सहकारी सं.लि. | दिपक कुमार पन्त | लिखु-६ | २००० | २००० | ५०० | ९८४१५०६८३५ | |
| ६६ | नुवाकोट कृषि फर्म | रोशन श्रेष्ठ | लिखु-६ | ९ | ९ | ९ | ९८४३५६१६२३ | |
| ६७ | पाण्डे कृषि फर्म | कल्याण भक्त पाण्डे | लिखु-६ | १८ | १४ | ४ | ९८५१०९८४१० | |
| ६८ | सिद्धि गणेश पशुपालन तथा कृषि फर्म | सुरेन्द्र पाण्डे | लिखु-६ | १६ | १६ | ५ | ९८४९९४९७९६ | |
| ६९ | राक्शेश्वर बहुउद्देश्यीय सहकारी सं.लि. | सुमन भण्डारी | लिखु-६ | ५० | ४० | ३५ | ९८४१८७१७६७ | |
| ७० | लिखु एग्रो कृषि फर्म | सत्यदेवी श्रेष्ठ | लिखु-६ | ४० | ४० | ३० | ९८४९४१४८३० | |
| ७१ | जि.सि. एग्रो कृषि फर्म | कोपिला जि सि | लिखु-६ | २३ | २३ | १३ | ९८४९४१४८३० | |
| ७२ | परोपकार बहुउद्देश्यीय सहकारी सं.लि. | जनक थपलिया | लिखु-६ | ४५० | ४०० | ३७५ | ९८४१६९५३११ | |
| ७३ | पशुपति कृषि सहकारी सं.लि. | बाल कृष्ण ढंगोल | लिखु-६ | १४०० | १३०० | ४०० | ९८६७५७५८९४ | |

| क्र.स. | कृषक समुह/कृषि सहकारी/निजी फर्म को नाम | सम्बन्धित कृषकको नाम, थर | ठेगाना | जग्गाको विवरण | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खेती योग्य जमिन (रोपनी) | धान लगाउने क्षेत्रफल (रोपनी) | | | |
| | | | | | बर्षे | चैते | | |
| ७४ | तारकेघारी अधेरीखोला लुलिको चौतारा सि.उ.स. | राम शरण डंगोल | लिखु-६ | ८०० | ८०० | ५०० | ९८४११२०१८८ | |
| ७५ | भट्टथोक कृयाशिल कृषक समुह | बलराम बस्नेत | लिखु-६ | ७०० | ७०० | ४०० | ९८४१८७५९८७ | |
| ७६ | मातृसेवा कृषि सहकारी सं.लि. | महेन्द्र डंगोल | लिखु-६ | १००० | १००० | ४०० | ९८६९३८४२४८ | |
| ७७ | लिखु कृषि पशुपन्छी पालन तथा अनुसन्धान केन्द्र | रामहरी ढंगोल | लिखु-६ | ६० | ६० | ४० | ९८४५७३५६०५ | |
| ७८ | डि.जि.प्रकास मल्टिप्रपोज प्रा.लि. | सन्तोष राई | लिखु-६ | २० | २० | १८ | ९८४१०८७२२५ | |
| ७९ | भिप्रस्ना कृषि तथा पशुपन्छी फर्म | श्रवन कुमार ढंगोल | लिखु-६ | १५ | १५ | १२ | ९८४९३३०६४७ | |
| ८० | जागरण युवा कृषक समुह | सावित्री श्रेष्ठ | लिखु-६ | १५० | १५० | १५० | ९८६०२७०४६९ | |
| ८१ | ब्राभो एग्रीकल्चर फर्म प्रा.ली. | मधु सुदन गोतामे | शिवपुरी-७ | १२ | १२ | १२ | ९८६११३७९०९ | |
| ८२ | युथ बेस कृषि फर्म | बद्री तामाङ | शिवपुरी-७ | १५ | | १५ | ९८५१०१९७४१ | |
| ८३ | बाइसुन्धारा नमुना कृषि सहकारी सं.लि. | लालकाजी थपलिया | शिवपुरी-७ | ११० | १०० | ४० | ९८४१७२४२९१ | |
| ८४ | परिबर्तन किसान कृषि फर्म | मिश्रीमाया ठकुरी | शिवपुरी-७ | २८ | २० | ८ | ९८४९००७९५६ | |
| ८५ | बाइसुन्धारा मल्टिप्रपोज प्रा.लि. | धिरेन्द्र ठकुरी | शिवपुरी-७ | २५ | २० | ८ | ९८५११८२६०६ | |
| ८६ | थानापति मल्टिप्रपोज प्रा.लि. | हरि बहादुर थपलिया | शिवपुरी-७ | २२ | २० | ८ | ९८४१६९४३६१ | |
| ८७ | नयाँवस्ती मल्टिप्रपोज प्रा.लि. | लालकाजी थपलिया | शिवपुरी-७ | २० | १८ | ८ | ९८४१७२४२९१ | |
| ८८ | ड्रिम्स नेपाल मल्टिप्रपोज प्रा.लि. | राम कृष्ण थपलिया | शिवपुरी-७ | १८ | १८ | ७ | ९८२८७४४७६२ | |

| क्र.स. | कृषक समुह/कृषि सहकारी/निजी फर्म को नाम | सम्बन्धित कृषकको नाम, थर | ठेगाना | जग्गाको विवरण | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खेती योग्य जमिन (रोपनी) | धान लगाउने क्षेत्रफल (रोपनी) | | | |
| | | | | | बर्षे | चैते | | |
| ८९ | सुनखानी कृषि फर्म | सन्त बहादुर डंगोल | शिवपुरी-७ | २५ | २५ | १० | ९८४३४७९५२२ | |
| ९० | सुनखानी बहुउद्देश्यीय सहकारी सं.लि. | प्रकास पाण्डे | शिवपुरी-७ | ४१७ | ३३३ | ८४ | ९८४९००७९५६ | |
| ९१ | सृष्टि एण्ड सृष्टा कृषि फर्म | सरोज थपलिया | शिवपुरी-८ | १९ | १९ | १९ | ९८५११९६४७४ | |
| ९२ | रुदुवा पञ्चकल्याणी स्वलम्बन स.सं.लि. | लिला राज पाठक | शिवपुरी-८ | २०० | १३१ | ५० | ९८४९९५२९८२ | |
| ९३ | थानापति नमुना ब्यावसायिक कृषि उद्योग | सुभद्रा आधिकारी | शिवपुरी-८ | २६ | २० | १० | ९८५११०९८१४ | |
| ९४ | जागरुक कृषि सहकारी सं.लि. | राम प्रसाद पुडासैनी | शिवपुरी-८ | २४०० | २०० | १४७ | ९८५११०९८१४ | |
| ९५ | थानापती महिला सानाकिसान कृ.स.सं.लि. | कमला थपलिया | शिवपुरी-८ | २००० | २००० | ५०० | ९८६१२८३३५७ | |
| ९६ | सत्तेरी क्रियाशिल कृषक समुह | खुल ब. थपालिया | शिवपुरी-८ | २५० | २५० | २०० | ९८६१२१६४८० | |
| | जम्मा | | | २३०५६ | १९५७८ | ११०१८ | | |

# ५. शारंश (Summary of the Study)

आ.व. २०७८/७९ मा नुवाकोट जिल्लाको १ नगरपालिका र ४ वटा गाउपालिकाहरुलाई समेटेर धान जोनको स्थापना गरिएको छ। बेलकोटगढी नगरपालिका वडा नं १२ र १३; शिवपुरी गाउंपालिका वडा नं. ७ र ८; पन्चकन्या गाउपालिका वडा नं १ र २; तादी गाउपालिका वडा नं २, ३, ४ देखि ५ र लिखु गाउपालिका वडा नं १, २, ४, ५ र ६ मा कार्यक्षेत्र बनाई परियोजना कार्यान्बयन एकाइ, नुवाकोट अन्तर्गत धान जोन नुवाकोटमा स्थापना भएको हो। यस प्रोफाइल तयारीको लागि कुल ५० जनाको घरधुरी सर्वेक्षण भएको थियो। यस परियोजनाको कार्यक्षेत्रमा गरिएको सर्वेक्षण अनुसार शिक्षाको स्तरको विवरण विश्लेषण गर्दा निरक्षर ४१ प्रतिशत, साधारण लेखपढ जान्ने ३२ प्रतिशत, माध्यमिक तह सम्मको शिक्षा हाशिल गर्ने १६ प्रतिशत र माध्यमिक तह माथि स्नातक तह वा सो भन्दा माथिको शिक्षा हासिल गर्ने ११ प्रतिशत देखिन्छ। त्यसै गरी सिँचाईको श्रोतलाइ हेर्दा यस कार्यक्षेत्रमा सिँचाइका श्रोत मध्य ६०.१ प्रतिशत कुलो सिंचाई, ३३.३ प्रतिशत खोला सिँचाई र जम्मा ६.६ प्रतिशत कृषकले पाइपबाट सिंचाई गर्ने गरेको देखिन्छ। सिँचाइको पूर्वाधारको अवस्था हेर्दा सानो क्षेत्रमा संचालित परम्परागत कुलोको प्रयोगबाट ८० प्रतिशत, सानो क्षेत्रमा संचालित पक्की कुलोको प्रयोगबाट ७ प्रतिशत र पाइपको प्रयोग बाट १३ प्रतिशत सिँचाइ हुने देखिन्छ। यन्त्र र औजारको प्रयोगको विवरण विश्लेषण गर्दा यस परियोजनाको कार्यक्षेत्रमा आधुनिकीकरणको लागी ५५.५ प्रतिशतले पावर टिलर, ३१.४८ प्रतिशतले मिनी टिलर, ११.१ प्रतिशतले थ्रेसर, र १.८५ प्रतिशतले शेलर मिल प्रयोग गर्ने गरेको पाईयो। नुवाकोट धान जोन क्षेत्रमा सबै ठाउमा सडक पुगेको देखियो, जसमध्ये ४४ प्रतिशत सडक पिच, २८.८ प्रतिशत सडक ग्राभेल र २६.६ प्रतिशत मात्र सडक मौसमी भएको पाईयो। सर्भेक्षण गरेका कृषकहरुबाट प्राप्त जानकारीलाई आधार मान्दा यस क्षेत्रमा ९ % घरधुरीका व्यक्तिहरु मात्र रोजगारीको लागि विदेश गएको पाइयो। यस जोन क्षेत्रमा रहेका कृषक मध्ये ४९ प्रतिशतले एफ. एम. को प्रयोग गरेको पाइन्छ भने ५१ प्रतिशतले एफ. एम. प्रयोग नगरेको पाइयो। यसका साथसाथै धान जोन मा संलग्न ६० प्रतिशत कृषकहरुले इन्टरनेट प्रयोग गर्ने गरेको पाईयो। साथै यस जोन क्षेत्रमा ५२ प्रतिशत कृषकले आफ्नो माटो जाँच गरेको पाइन्छ।

यस धान जोन संचालित क्षेत्रको बाली पात्रो हेर्दा मुख्यतया धान खेती दुई मौसममा गर्ने गरेको पाईयो। चैते धान खेती फाल्गुन-चैत्र देखि जेठ-आषाढ महिनासम्म र बर्षे धान खेती असार-साउन देखि कार्तिक सम्म गर्ने गरेको पाईयो। यसैगरी कोदो खेती श्रावण देखि कार्तिक सम्म, आलु खेती मंसिर देखि फाल्गुन सम्म र गहुँ खेती मंसिर देखि चैत्र सम्म गर्ने गरेको पाईयो। यस परियोजना कार्यक्षेत्रमा किसानहरु उत्पादन सामाग्री श्रोतको लागि मुख्य रुपमा एग्रो भेटमा र सहकारीमा निर्भर रहेको देखिन्छ। जसमा परियोजना कार्यक्षेत्रमा ७३ प्रतिशत किसानहरु एग्रोभेट तथा बीउ र मल कारोबार गर्ने सहकारीको सुविधामा पहुँच रहेको देखिन्छ। त्यस्तै ११ प्रतिशत किसानहरुले एग्रोभेटबाट मात्र, ६.६ प्रतिशत किसानहरुले सहकारीमात्र र ८ प्रतिशतले एग्रोभेट र सहकारी सँगसगै निजी उद्धमीबाट पनि सुविधा लिएको पाइन्छ। त्यस्तै किसानहरु बीउको श्रोतको लागि मुख्य रुपमा एग्रो भेटमा निर्भर रहेको देखिन्छ। परियोजना कार्यक्षेत्रमा ४० प्रतिशत किसानहरुले

वीउहरु एग्रोभेटमा निर्भर रहेको देखिन्छ। ३१ प्रतिशत किसानहरुले कृषि सहकारीबाट, ४ प्रतिशत किसानहरुले परियोजना कार्यान्वयन एकाइ तथा कृषि ज्ञान केन्द्रबाट, ५ प्रतिशतले सिधै बीउ कम्पनीबाट र बाँकी २० प्रतिशत किसानहरुले आफै उत्पादन गरेको वीउ प्रयोग गर्ने गरेको पाईयो। यस क्षेत्रमा उत्पादित धान ८७ प्रतिशत किसानहरुले स्थानीय व्यापारीमार्फत र १३ प्रतिशत किसानहरुले समूह तथा सहकारी मार्फत विक्री गर्ने गरेको पाईयो। यस धान जोनमा मुख्य समस्याका रुपमा बजारीकरणमा उचित मूल्य नपाउनु र उत्पादनको समयमा रोग र किराको प्रकोप रहेको पाइयो। अब यस परियोजनाले किसानको आर्थिक बृद्धिको लागि रोग र किराको उचित व्यवस्थापन नै उपयुक्त समाधान गरी उत्पादक्तव बढाउनु रहेको पाइयो। त्यस्तै अरु आर्थिक बर्षहरुमा गुणस्तरीय बीज वृद्धि गरेर, त्यसको बजारीकरण गरी वीउ उत्पादन तथा बजारीकरणलाई थप व्यवस्थित बनाएर धान उत्पादन तथा यसमा आधारित उद्योगहरुलाई स्थापित गराई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै यस जोन क्षेत्र लाइ थप विकास गर्दै लैजान सकिन्छ।